# बौदीकाली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## डेढगाउँ, नवलपुरासी (ब.सु.पू)

गण्डकी प्रदेश, नेपाल

V32P+FV Dedgaun

बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) गण्डकी प्रदेश, नेपाल २०७३

प.स.: २०८३/८४
च.नं.: 282

मिति : २०८३/०५/१७

विषय : कार्यपालिका बैठकमा उपस्थित हुने बारे ।

श्री उपाध्यक्ष ज्यू,
श्री वडा अध्यक्ष ज्यूहरु, सबै
श्री कार्यपालिका सदस्य ज्यूहरु, सबै ।

बौदीकाली गाउँ कार्यपालिकाको बैठक तपसिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको उपस्थितिको लागि आदेशानुसार अनुरोध छ । बैठकका प्रस्तावहरु यसैसाथ संलग्न रहेको छ ।

**तपसिल :**

मिति : २०८३/०५/१८ गते
स्थान : बौदीकाली गाउँपालिकाको सभाहल
समय : बिहानको ११:०० बजे

..............................
(राकेश कुमार चौधरी)
प्रमुख प्रशासकीय अधिकृत

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी
CamScanner

## मिति २०८३/०५/१८ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. पूर्व निर्णयहरु कार्यान्वयनको समिक्षा सम्बन्धमा ।

२. स्थानीय दररेट सम्बन्धमा ।

३. विविध विषयका सम्बन्धमा ।

बौदीकाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ठेडगाउँ,नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

आज मिति २०८३/०५/१८ गतेका दिन बौदीकाली गाउँपालिकाका अध्यक्ष श्री प्रकाश ओझा ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी निम्नानुसारको प्रस्तावहरु माथि छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति :

| क्र.सं. | दस्तखत | नामथर | पद |
|---|---|---|---|
| १ | | श्री प्रकाश ओझा | अध्यक्ष |
| २ | | श्री डिल कुमारी के.सी. सारु मगर | उपाध्यक्ष |
| ३ | | श्री अनिल थापा मगर | वडा अध्यक्ष, वडा नं. १/का.पा.सदस्य |
| ४ | | श्री श्यामसुन्दर श्रेष्ठ | वडा अध्यक्ष, वडा नं. २/का.पा.सदस्य |
| ५ | | श्री तेज बहादुर थापा | वडा अध्यक्ष, वडा नं. ३/का.पा.सदस्य |
| ६ | | श्री मन बहादुर सारु | वडा अध्यक्ष, वडा नं. ४/का.पा.सदस्य |
| ७ | | श्री खिम बहादुर थापा खरु मगर | वडा अध्यक्ष, वडा नं. ५/का.पा.सदस्य |
| ८ | | श्री खुम कुमार सारु मगर | वडा अध्यक्ष, वडा नं. ६/का.पा.सदस्य |
| ९ | | श्री देउमाया रुचाल | कार्यपालिका सदस्य |
| १० | | श्री टिकामाया सार्की | कार्यपालिका सदस्य |
| ११ | | श्री तेजमाया इस्माली गाहा मगर | कार्यपालिका सदस्य |
| १२ | | श्री सोममाया सार्की | कार्यपालिका सदस्य |
| १३ | | श्री टोपलाल रुचाल | कार्यपालिका सदस्य |
| १४ | | श्री अन्त बहादुर घर्ती | कार्यपालिका सदस्य |
| १५ | | श्री राकेश कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत |
| अन्य उपस्थिति | | | |
| | | श्री मिलन श्रेष्ठ | सूचना प्रविधि अधिकृत |
| | | श्री मनोज कोइराला | बौदीकाली गाउँपालिका अध्यक्षको सचिवालय |

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको आ.व. २०८३/०८४ को मिति २०८३/०५/१८ गतेको तेस्रो बैठकका निर्णयहरु :

**निर्णय नं.१ :**

प्रस्ताव नं. १ माथि छलफल गर्दा पुर्व बैठकको निर्णय कार्यान्वयनको सन्दर्भमा बैठकमा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो ।

**निर्णय नं.२ :**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ का लागि गाउँपालिकाभित्र सञ्चालन हुने विभिन्न विकास निर्माण तथा अन्य सार्वजनिक कार्यहरूमा प्रयोग हुने श्रम, निर्माण सामग्री, ढुवानी तथा मेसिनरी/उपकरणको पालिका दररेट बौदीकाली गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ को नियम १५८ बमोजिम गठित दररेट निर्धारण समितिबाट तयार गरी पेश भएकोमा सो सम्बन्धमा छलफल गर्दा प्रचलित बजार दर, स्थानीय अवस्था तथा प्राविधिक मूल्याङ्कनलाई समेत आधार मानी तयार गरिएको पालिका दररेट उपयुक्त देखिएकोले प्रस्तावित पालिका दररेट स्वीकृत गर्ने निर्णय गरियो। स्वीकृत दररेटलाई आर्थिक वर्ष २०८३/०८४ भरि गाउँपालिकाबाट सञ्चालन तथा कार्यान्वयन हुने विकास निर्माण, योजना तथा कार्यक्रमहरूको लागत अनुमान, मूल्याङ्कन तथा भुक्तानी प्रयोजनमा आधारका रूपमा लागू गर्ने र सोही बमोजिम आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो। साथै, स्वीकृत दररेटमा समावेश नभएका नयाँ प्रकृतिका काम वा सामग्रीको हकमा प्रचलित कानून तथा मापदण्डबमोजिम आवश्यक प्रक्रिया पूरा गरी सम्बन्धित निकायबाट दर निर्धारण/स्वीकृति गराई लागू गर्ने निर्णय गरियो।

**निर्णय नं.३ :**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा तपसिलका विविध विषयहरुमा छलफल गरियो ।

- यस गाउँपालिकाको वडा नं. ४ स्थित रुचाङ्ग स्वास्थ्य चौकीमा स्थानीय स्तरमै सुरक्षित तथा गुणस्तरीय प्रसूति सेवा उपलब्ध गराई गर्भवती तथा सुत्केरी महिलाहरूलाई सहज स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले बर्थिङ्ग सेवा सञ्चालन गर्न आवश्यक देखिएको हुँदा रुचाङ्ग स्वास्थ्य चौकीमा आवश्यक पूर्वाधार, उपकरण, औषधि तथा जनशक्तिको व्यवस्थापन गरी बर्थिङ्ग सेन्टर/प्रसुति सेवा सञ्चालन गर्ने निर्णय गरियो ।

CS CamScanner

- बौदीकाली गाउँपालिकाबाट निर्माण तथा सञ्चालनमा रहेका सडक, भवन, खानेपानी, सिंचाइ, पुल, कल्भर्ट लगायतका सार्वजनिक भौतिक पूर्वाधारहरूको नियमित, आवधिक तथा आकस्मिक मर्मत सम्भार गरी त्यस्ता संरचनाहरूलाई दिगो, सुरक्षित र उपयोगी अवस्थामा कायम राख्न मर्मत सम्भार कार्यलाई व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक देखिएको हुँदा तयार गरिएको **"बौदीकाली गाउँपालिकाको मर्मत सम्भार कोष कार्यविधि, २०८३"** स्वीकृत गरी लागू गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिका वडा नं. ३ स्थित कोल्यारेमा प्रहरी इकाईका लागि भवन स्थापना भइसकेको हुँदा उक्त प्रहरी इकाईलाई यथाशीघ्र सञ्चालनमा ल्याई स्थानीय क्षेत्रमा शान्ति सुरक्षा, अपराध नियन्त्रण तथा नागरिकको सुरक्षालाई थप प्रभावकारी बनाउन आवश्यक जनशक्ति, फर्निचर, विद्युत, खानेपानी, संचार, इन्टरनेट लगायतका आधारभूत पूर्वाधार तथा आवश्यक सामाग्रीको व्यवस्थापन गर्न जिल्ला प्रहरी कार्यालय तथा नेपाल प्रहरीका सम्वन्धित निकायमा आवश्यक समन्वय गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा गाउँसभाबाट स्वीकृत योजना तथा कार्यक्रमलाई प्रभावकारी, व्यवस्थित, पारदर्शी र नतिजामुखी रूपमा कार्यान्वयन गर्न तयार गरिएको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो । साथै कार्ययोजनाको कार्यान्वयनको नियमित अनुगमन तथा मुल्यांकन गरी आवश्यकता अनुसार सुधार तथा समन्वय गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आवश्यक निर्देशन दिने समेत निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत नीति तथा कार्यक्रम, वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने मालसामान, निर्माण कार्य, परामर्श सेवा तथा अन्य सेवा खरिद गर्न तयार गरिएको वार्षिक खरिद योजना स्वीकृत गर्ने निर्णय गरियो । स्वीकृत वार्षिक खरिद योजनाअनुसार खरिद कार्य सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी पारदर्शी, प्रतिस्पर्धी, मितव्ययी र प्रभावकारी रूपमा खरिद कार्य सम्पन्न गर्ने/गराउने निर्णय गरियो। साथै स्वीकृत खरिद योजनामा समावेश भएका खरिद कार्यहरू तोकिएको समयसीमाभित्र सम्पन्न गर्न सम्बन्धित शाखा, इकाई तथा वडा कार्यालयले आवश्यक प्रक्रिया अगाडि बढाउने र खरिद कार्यको समन्वय, सहजीकरण तथा अनुगमन गर्ने जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतलाई दिने निर्णय गरियो।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको आ.व. २०८३/०८४ को मिति २०८३/०५/१८ गतेको तेस्रो बैठकका निर्णयहरु :

- मिति २०८३ साल भदौ १० गते रसुवा जिल्लाको सिमा क्षेत्र रसुवागढी र तल्लो तटीय क्षेत्र भोटेकोशी नदीमा आएको भीषण बाढीबाट भएको जनधनको क्षतिप्रति बौदीकाली गाउँपालिकाको तर्फबाट गहिरो दु:ख प्रकट गर्दै उक्त घटनामा परी मृत्यु हुने मृतकहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ। यस दु:खद् घडीमा बाढीबाट प्रभावित सम्पूर्ण नागरिकहरूप्रति बौदीकाली गाउँपालिका दु:ख व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना समेत गर्दछ। यस प्राकृतिक विपदबाट प्रभावित नागरिकको राहत तथा पुन:स्थापनाका लागि सम्पूर्ण जनप्रतिनिधिको १० दिन, अधिकृतस्तर कर्मचारी/शिक्षकको ७ दिन, सहायकस्तर कर्मचारी/शिक्षकको ५ दिन र अन्य कर्मचारीहरू/विद्यालयका कर्मचारीको २ दिन बराबरको पारिश्रमिक वापत हुन आउने रकम बौदीकाली गाउँपालिकाको तर्फबाट प्रधानमन्त्री राहत कोषमा सहयोग स्वरुप जम्मा गर्ने निर्णय गरियो । साथै सो बाढीमा परी बौदीकाली गाउँपालिकाका सम्पर्क विहिन हुनुभएका व्यक्तिहरूको अवस्था एकिन गर्न खोजी कार्यलाई तीव्र बनाउन आवश्यक पहल गर्ने निर्णय समेत गरिएको छ ।

- अकलादेवी मन्दिर तथा अकला गुफा संरक्षण व्यवस्थापन समिति, बौदीकाली गाउँपालिका–२, डेढगाउँको मिति २०८३/०५/१५ गतेको पत्र प्राप्त भई पत्रमा उल्लेखित व्यहोरा अवगत भयो । उक्त पत्रमा उल्लेख भएका मन्दिर परिसर वरपर मदिरा बिक्री वितरणमा नियन्त्रण तथा शुद्ध पूजा सामग्री एवं धार्मिक सामग्रीको बिक्री वितरणलाई व्यवस्थित गर्ने सम्वन्धमा छलफल हुँदा अकलादेवी मन्दिर तथा अकला गुफाको धार्मिक, सांस्कृतिक तथा पर्यटकीय महत्वलाई मध्यनजर गर्दै मन्दिर परिसरको पवित्रता, स्वच्छता तथा धार्मिक वातावरण कायम राख्न आवश्यक देखिएकोले मन्दिर परिसर वरपर मदिरा बिक्री वितरण तथा सेवन नियन्त्रण र शुद्ध पूजा सामाग्री तथा धार्मिक सामाग्रीको बिक्रि वितरणलाई व्यवस्थित गर्ने सम्बन्धमा सम्वन्धित व्यवसायी, अकलादेवी मन्दिर तथा अकला गुफा संरक्षण व्यवस्थापन समितिका पदाधिकारी एवं सरोकारवालाहरूसँग थप छलफल गर्ने निर्णय गरियो ।

- बौदीकाली गाउँपालिकाको उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम कार्यविधि, २०८१ (पहिलो संशोधन), २०८३ अनुसार बौदीकाली गाउँपालिका क्षेत्रभित्रका दुग्ध उत्पादक कृषकहरुलाई प्रति लिटर दुधमा रु. ८ रुपैया र प्रशासनिक खर्च वापत छनौट भएको अकला दुग्ध उत्पादक सहकारी संस्था लिमिटेडलाई प्रति लिटर दुधमा रु. २ रुपैयाका दरले अनुदान दिने निर्णय गरियो ।

CamScanner

बौदीकाली गाउँकार्यपालिकाको आ.व. २०८३/०८४ को मिति २०८३/०५/१८ गतेको तेस्रो बैठकका निर्णयहरु :

- बौदीकाली गाउँपालिकामा मौज्दातमा रहेका खानेपानी तथा सिंचाई पाईप बौदीकाली गाउँपालिका मातहतका कार्यालयहरुलाई माग तथा आवश्यकता अनुसार निःशुल्क उपलब्ध गराउने निर्णय गरियो ।

- तिरन्दी खानेपानी आयोजनाको आवश्यक मर्मत सम्भार गर्नुपर्ने भएकोले उक्त कार्यको निर्माण कार्यको लागत अनुमान अनुसारको रकममा रु. २०,०००/- (बिस हजार रुपैयाँ) नबढ्ने गरी गाउँपालिकाको **"मर्मत सम्भार कोष"** शीर्षकबाट खर्च व्यहोर्ने/भुक्तानी गर्ने निर्णय गरियो। उक्त मर्मत कार्य प्रचलित कानून, नियम तथा गाउँपालिकाको स्वीकृत प्रक्रिया बमोजिम लागत अनुमान तयार गरी कार्य सम्पन्न गराउने र कार्य सम्पन्न भएपछि लागत अनुमान तथा वास्तविक कार्यसम्पादनको आधारमा आवश्यक बिल, भरपाई, प्राविधिक मूल्याङ्कन तथा अन्य प्रमाण कागजातका आधारमा भुक्तानी गर्ने/गराउने निर्णय गरियो।

- स्थानीय सरकारको कार्यसम्पादन मुल्यांकन गर्न तयार पारिएको स्थानीय शासन कार्यसम्पादन मुल्यांकन प्रणाली (LGPAS) मा बौदीकाली गाउँपालिकाको गत आ.व. २०८२/०८३ को शाखागत प्रविष्टि तथा मुल्यांकन गर्दा ८४.२ (चौरासी दशमलव दुई) अंक प्राप्त भएको हुँदा प्रमुख प्रशासकीय अधिकृत मार्फत समिक्षा गरी पृष्ठपोषणका लागि जिल्ला समन्वय समिति, नवलपरासी (ब.सु.पू.) मा पेश गर्ने निर्णय गरियो ।

CamScanner